बैठक नं : १२
मिति :२०७९/०८/२५ गते
समयः दिनको ९:०० बजे ।
स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७९।०८।२५ गते आईतवार दिनको ९.०० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज वराल ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १ | श्री शंकर राज वराल | गाउँपालिका अध्यक्ष |
| २ | श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३ | श्री सोम प्रसाद वराल | कार्यपालिका सदस्य |
| ४ | श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ५ | श्री के पि पोखरेल | कार्यपालिका सदस्य |
| ६ | श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ७ | श्री गोविन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ८ | श्री रविन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| ९ | श्री रेगनराज थापा | कार्यपालिका सदस्य |
| १० | श्री सम्झना पोखरेल | कार्यपालिका सदस्य |
| ११ | श्री सम्वर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२ | श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३ | श्री अम्वरदिप वि क | कार्यपालिका सदस्य |
| १४ | श्री शान्ता कामी | कार्यपालिका सदस्य |
| १५ | श्री खरिमाया पुर्वछाने | कार्यपालिका सदस्य |
| १६ | श्री ठाकुरप्रसाद दाहाल | कार्यपालिका सचिव |

अन्य

श्री सेवक विक्रम राई लेखा अधिकृत

श्री तिर्थ कुमार भण्डारी प्रशासन शाखा प्रमुख

**प्रस्तावहरु:**

**प्रस्ताव नं.** १.मतदाता शिक्षाको रकम भुक्तानी सम्बन्धमा ।

**प्रस्तावन नं २** गोलन्जोर गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ को दोश्रो संसोधन सम्बन्धमा ।

**निर्णय नं १** यस गाउँपालिकामा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मंसिर ४ मा सम्पन्न भएको सोही सन्धर्वमा निर्वाचन आयोग नेपाल र जिल्ला निर्वाचन कार्यालयको निर्देशन अनुसार यस गाउँपालिका क्षेत्रमा मतदाता शिक्षा समन्वय समिति गठन, अन्य व्यवस्थापन खर्च र स्वयम सेवक नियुक्ति हुँदा भएको खर्च गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं २** यस गोलन्जोर गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ को पहिलो संशोधन २०७४ मा तपशील बमोजिम संशोधन गरि लागु गर्ने निर्णय गरियो ।

- दफा १ को संक्षिप्त नाम र प्रारम्भ को (क) मा भएको कार्यविधिको नाममा संशोधन गरी "गोलन्जोर गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि २०७४" शब्दहरु राख्ने ।
- दफा ३ (२) प्राविधिक भनिएको शव्द हटाई सो दफामा (ज) थप गरी "प्रशासन सेवासँग सम्बन्धित कार्यालय सहयोगी, माली, सवारी चाललक, कम्प्युटर अपरेटर, लगाएतका पदहरु" शव्दहरु थप गर्ने ।
- दफा ४ को उपदफा १ मा १(क) थप गरी यो संशोधन कार्यान्वयन भएपछिको पहिलो विज्ञापनबाट पदपूर्तिको लागि ७ दिनको सूचना प्रकाशन गरी पदपूर्ति गर्न यस दफाको व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।
- दफा ४ मा छनौट सम्बन्धि भएको साविक व्यवस्थाको अतिरिक्त उक्त दफामा उपदफा ५ थप गरी "यस दफामा अन्यत्र जुनसुकै व्यवस्था भए पनि कर्मचारी अभावमा गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका कुनै कार्यालयबाट हुने सेवा प्रवाहमा गम्भिर अशर परेको गाउँ कार्यपालिकाले ठम्याएमा एक पटकको लागि २०७९ असार मसान्त सम्म गाउँ कार्यपालिकाको कार्यालय वा मातहत कुनै कार्यालयमा निरन्तर सेवा गरेका कर्मचारीहरु मध्येबाट मात्र प्रतिस्पर्धा गर्न पाउँने गरी आवेदन माग गरी द्रुत मार्गबाट कर्मचारी व्यवस्थापन गर्न यो दफाले वाधा पुर्याएको मानिने छैन" भन्ने शव्दहरु र उपदफा ६ थप गरी "उपदफा ५ बमोजिम कर्मचारी व्यस्थापन गर्दा कुल १०० पुर्णाङ्कलाई तपशिल बमोजिम विभाजन गरी अन्तर्वार्तामा प्राप्त अङ्कका आधारमा मात्र न्युनतम ४० अङ्क पाउनेमध्येबाट योग्यताक्रमका आधारमा छनौट समितिले नियुक्तिको लागि सिफारिस गर्न सक्नेछ" र उपदफा ७ थप गरी "कानुन विषयमा स्नातक व्यक्तिबाट कानुनी सेवा लिनुपर्ने पदमा पदपूर्तिको लागि सेवा प्रवेशको उमेरहद लागू हुने छैन" भन्ने शव्दहरु थप गर्ने ।

**तपशिल**

| | |
|---|---|
| गाउँ कार्यपालिका वा मातहतका कार्यालयमा काम गरेवापत प्रति वर्ष १० अङ्कका दरले बढीमा ४० अंक | ४० |
| माथिल्ला शैक्षिक योग्यता वापत एमुष्ठ १० अंक | १० |
| यस गाउँपालिकाभित्र स्थायी ठेगाना भएको २० अंक | २० |

| | |
|---|---|
| सम्बन्धित पदका लागि आवश्यक विषय बस्तुको ज्ञान २० अंक | २० |
| व्यक्तितत्व तथा प्रस्तुतिकरण शिप १० अंक | १० |
| कुल १०० | १०० |